# सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालको

## कार्यक्षमता मूल्याङ्कनद्वारा बढुवा सम्बन्धी सूचना

**सूचना नं. १/०८१/८२**

प्रकाशित मिति : २०८२/०३/३१

लोक सेवा आयोगबाट मिति २०८२।०३।३० मा प्राप्त सहमति बमोजिम सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालतर्फ रिक्त रहेका देहायका पदहरु कार्य क्षमता मूल्यांकनद्वारा पूर्ति गर्नुपर्ने भएकोले रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ को नियम ५८ बमोजिम सम्वन्धित सेवा/समूह वा उपसमूहको एक तह मुनिको पदमा आवश्यक सेवा अवधि र शैक्षिक योग्यता पुगेका कर्मचारीहरुले समितिबाट निर्धारित फाराममा उल्लिखित विवरण खुलाई सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र दरखास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ। दरखास्त नदिएका कर्मचारीलाई वढुवा प्रक्रियामा समाबेश गराईने छैन। दरखास्त फाराम रेडियो नेपालको website: www.radionepal.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ।

उम्मेदवारहरुले दरखास्त बुझाउने अन्तिम मितिभित्र रेडियो नेपालको केन्द्रीय कार्यालय, सिंहदरबारको प्रशासन महाशाखामा दरखास्त बुझाउनु हुन वा प्रशासन महाशाखामा आई पुग्ने गरी सम्वन्धित प्रादेशिक प्रसारण कार्यालय वा प्रसारण केन्द्रहरुमा समेत दरखास्त बुझाउन सकिनेछ। रित नपुगेको, तोकिएको आवश्यक सेवा अवधि तथा न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन।

**दरखास्त फारामसाथ संलग्न हुनुपर्ने कागजातहरु :**

१. जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. शैक्षिक योग्यता, समावेशी प्रमाणपत्र, अनुभवको प्रमाणपत्र लगायत कागजात दरखास्त दिने अन्तिम मितिभित्र प्राप्त वा जारी भएको हुनु पर्नेछ। अन्तिम मिति पछि जारी भएका कागजातलाई प्रस्तुत वढुवाका सन्दर्भमा मान्यता दिइनेछैन।

३. दरखास्त दस्तुरः तहः ११ को लागि २५००।-, तहः १० को लागि २०००।-, तहः ९ को लागि २०००।-, तहः ८ को लागि १२००।- तहः ७ को लागि १२००।-, तहः ६ को लागि १२००।-, तहः ५ को लागि ७००।-, सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालको राष्ट्रिय बाणिज्य बैंक लि. सिंहदरबारको हिसाब नं. १९६०१०००००२३००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ। अन्य प्रादेशिक प्रसारण कार्यालय/केन्द्रहरुको हकमा दरखास्त दिने सम्वन्धित प्रसारण कार्यालय वा प्रसारण केन्द्रले तोकेको बैंकमा बुझाई सक्कल रसिद (भौचर) दरखास्त साथ संलग्न गर्नु पर्नेछ।

## तपसिल

| क्र.सं | विज्ञापन नं | पद | तह | सेवा | समूह/उपसमूह | पद संख्या | रिक्त रहेको स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८१/८२ | नायव कार्यकारी निर्देशक | ११ | | | २ | केन्द्रीय कार्यालय | |
| २ | २/०८१/८२ | निर्देशक (प्र.) | १० | प्रशासन | प्रशासन | १ | प्रशासन महाशाखा | |
| ३ | ३/०८१/८२ | निर्देशक (ई.) | १० | इन्जिनियरिङ्ग | इन्जिनियरिङ्ग | १ | इन्जिनियरिङ्ग महाशाखा | |
| ४ | ४/०८१/८२ | उपनिर्देशक (आ.प्र.) | ९ | प्रशासन | आर्थिक प्रशासन | १ | आर्थिक प्रशासन महाशाखा | |
| ५ | ५/०८१/८२ | उपनिर्देशक (ई.) | ९ | इन्जिनियरिङ्ग | इन्जिनियरिङ्ग | ४ | सिंहदरवार, भैंसेपाटी, धरान, पोखरा | |
| ६ | ६/०८१/८२ | मुख्य प्रशासकीय अधिकृत | ८ | प्रशासन | प्रशासन | २ | प्रशासन महाशाखा | |
| ७ | ७/०८१/८२ | मुख्य कार्यक्रम अधिकृत | ८ | संचार तथा कार्यक्रम | कार्यक्रम/कार्यक्रम | १ | कार्यक्रम महाशाखा | |
| ८ | ८/०८१/८२ | मुख्य संगीत संयोजक | ८ | संचार तथा कार्यक्रम | कार्यक्रम/संगीत | २ | संगीत शाखा | |
| ९ | ९/०८१/८२ | वरिष्ठ प्रशासकीय अधिकृत | ७ | प्रशासन | प्रशासन | १ | प्रशासन महाशाखा | |
| १० | १०/०८१/८२ | वरिष्ठ लेखा अधिकृत | ७ | प्रशासन | आर्थिक प्रशासन | १ | आर्थिक प्रशासन महाशाखा | |
| ११ | ११/०८१/८२ | वरिष्ठ ब्यापार अधिकृत | ७ | प्रशासन | ब्यापार | १ | ब्यापार महाशाखा | |
| १२ | १२/०८१/८२ | वरिष्ठ प्राविधिक अधिकृत | ७ | इन्जिनियरिङ्ग | प्राविधिक | १ | इन्जिनियरिङ्ग महाशाखा | |
| १३ | १३/०८१/८२ | वरिष्ठ बाद्य संयोजक | ७ | संचार तथा कार्यक्रम | कार्यक्रम/संगीत | १ | संगीत शाखा | |
| १४ | १४/०८१/८२ | प्राविधिक अधिकृत | ६ | इन्जिनियरिङ्ग | प्राविधिक | ३ | सिंहदरवार १, धरान २, | |
| १५ | १५/०८१/८२ | सम्वाददाता | ६ | संचार तथा कार्यक्रम | समाचार/रिपोर्टिङ्ग | १ | समाचार महाशाखा | |
| १६ | १६/०८१/८२ | प्रधान सहायक | ५ | प्रशासन | प्रशासन | १ | प्रशासन महाशाखा | |
| १७ | १७/०८१/८२ | वरिष्ठ प्राविधिक सहायक | ५ | इन्जिनियरिङ्ग | प्राविधिक | ३ | इन्जिनियरिङ्ग महाशाखा | |
| १८ | १८/०८१/८२ | वरिष्ठ कार्यक्रम सहायक | ५ | संचार तथा कार्यक्रम | कार्यक्रम/कार्यक्रम | १ | कार्यक्रम महाशाखा | |

सदस्य सचिव
पदपूर्ति समिति, रेडियो नेपाल

# सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालको

## आन्तरिक प्रतियोगितात्मक परीक्षाको फाराम भर्ने सूचना

**सूचना नं. २/०८१/८२**

प्रकाशित मिति : २०८२/०३/३१

लोक सेवा आयोगबाट मिति २०८२।०३।३० मा प्राप्त सहमति बमोजिम सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालतर्फ आ.व. २०८१।८२ असार मसान्तसम्म रिक्त रहेका पदहरुमध्ये निम्न पदहरु आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्नु पर्ने भएकोले रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ को नियम ६७ बमोजिमका सम्भाव्य उम्मेदवारहरुले सूचना प्रकाशित मितिले २१ दिनभित्र Online दरखास्त फाराम भर्न आव्हान गरिएको छ। Online दरखास्त फाराम रेडियो नेपालको Website: www.radionepal.gov.np मा गई त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ।

रेडियो नेपालले तोकेको Online दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सो साथ नेपाली नागरिकताको प्रमाणपत्र र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेका शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, हालको पदको नियुक्तिपत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा स्क्यान गरी दरखास्तसाथ संलग्न गर्नु पर्नेछ। रित नपुगेको, तोकिएको आवश्यक सेवा अवधि तथा न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका Online दरखास्त उपर कुनै कारवाही हुने छैन। झूठा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

परीक्षा दस्तुर तह ९ को लागि रु.२०००।-, तह ८ को लागि रु.१२००।-, तहः ६ को लागि रु.१२००।-, र तहः ५ को लागि रु.७००।- Online मार्फत उपलब्ध गराईएका माध्यम Connect IPS बाट बुझाउनु पर्नेछ। साथै परीक्षा दस्तुर नगदमा बुझ्ने व्यवस्था नरहेको व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| क्र. सं | विज्ञापन नं | पद | तह | सेवा/ समूह/उपसमूह | रिक्त रहेको स्थान | पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १९/०८१/८२ | उपनिर्देशक (इन्जि.) | ९ | इन्जिनियरिङ्ग/इन्जिनियरिङ्ग | ईन्जिनियरिङ्ग महाशाखा | १ | |
| २ | २०/०८१/८२ | उपनिर्देशक (प्रा.) | ९ | इन्जिनियरिङ्ग/प्राविधिक | खुमलटार | १ | |
| ३ | २१/०८१/८२ | मुख्य प्रशासकीय अधिकृत | ८ | प्रशासन/ प्रशासन | प्रशासन महाशाखा | १ | |
| ४ | २२/०८१/८२ | मुख्य समाचार सम्पादक | ८ | संचार तथा कार्यक्रम/समाचार/सम्पादन | समाचार महाशाखा | १ | |
| ५ | २३/०८१/८२ | लेखा अधिकृत | ६ | प्रशासन/ आर्थिक प्रशासन | आर्थिक प्रशासन महाशाखा | १ | |
| ६ | २४/०८१/८२ | प्राविधिक अधिकृत | ६ | इन्जिनियरिङ्ग/ प्राविधिक | बढुवाबाट आउने | १ | |
| ७ | २५/०८१/८२ | गायन/ बाद्य संयोजक | ६ | संचार तथा कार्यक्रम/कार्यक्रम/ संगीत | संगीत शाखा | १ | |
| ८ | २६/०८१/८२ | वरिष्ठ प्राविधिक सहायक | ५ | इन्जिनियरिङ्ग/ प्राविधिक | खुमलटार २, पोखरा १ | ३ | |
| ९ | २७/०८१/८२ | वरिष्ठ कार्यक्रम सहायक | ५ | संचार तथा कार्यक्रम/कार्यक्रम/कार्यक्रम | सुर्खेत | १ | |

सदस्य सचिव
पदपूर्ति समिति, रेडियो नेपाल

# सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालको

## खुला प्रतियोगितात्मक परीक्षाको फाराम भर्ने सूचना

**सूचना नं. ३/०८१/८२**

प्रकाशित मिति : २०८२/०३/३१

लोक सेवा आयोगबाट मिति २०८२।०३।३० मा प्राप्त सहमति बमोजिम सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपालतर्फ रिक्त पदहरु खुला प्रतियोगितात्मक परीक्षाद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकीएको योग्यता पुगेका उम्मेदवारहरुले रेडियो नेपालको website: www.radionepal.gov.np मा गई Online Application मार्फत सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र दरखास्त दिनुपर्ने छ ।

उम्मेदवारले दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी सोसाथ नेपाली नागरिकताको प्रमाण पत्र र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र र पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा स्क्यान गरी संलग्न गर्नु पर्नेछ । नेपाल सरकार वा नेपाल सरकारको स्वामित्वमा रहेको संस्थानमा कार्यरत उम्मेदवारहरुले विभागीय स्वीकृति समेत अनिवार्य रुपमा स्क्यान गरी संलग्न गर्नु पर्नेछ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

परीक्षा दस्तुर समेत Online मार्फत उपलब्ध गराईएका माध्यम Connect IPS बाट बुझाउनु पर्नेछ । परीक्षा दस्तुर नगदमा बुझ्ने व्यवस्था नरहेको व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| विज्ञापन नं | पद | तह | सेवा/ समूह/उपसमूह | पद संख्या | रिक्त स्थान | खुला समावेशी | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| २८/०८१/८२ | मुख्य कार्यक्रम अधिकृत | ८ | संचार तथा कार्यक्रम / कार्यक्रम/कार्यक्रम | १ | कार्यक्रम महाशाखा | खुला १ | मान्यता प्राप्त शिक्षण संस्थावाट आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण गरेको । |
| २९/०८१/८२ | वरिष्ठ प्राविधिक अधिकृत | ७ | इन्जिनियरिङ्ग/ प्राविधिक | १ | भैंसेपाटी | खुला १ | मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग वा कम्युनिकेशन इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन इन्जिनियरिङ्ग वा इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स इन्जिनियरिङ्ग वा रेडियो इन्जिनियरिङ्ग वा कम्प्युटर इन्जिनियरिङ्गमा स्नातकोत्तर वा सो सरह उतिर्ण गरी नेपाल इन्जिनियरिङ्ग परिषदमा दर्ता भएको । |
| ३०/०८१/८२ | लेखा अधिकृत | ६ | प्रशासन/आर्थिक प्रशासन | २ | आर्थिक प्रशासन | आ.ज. १<br>मधेसी १ | मान्यता प्राप्त शिक्षण संस्थावाट वाणिज्य/व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उतिर्ण गरेको । |
| ३१/०८१/८२ | व्यापार अधिकृत | ६ | प्रशासन/ व्यापार | १ | व्यापार महाशाखा | महिला १ | मान्यता प्राप्त शिक्षण संस्थावाट वाणिज्य/व्यापार प्रशासनमा स्नातक तह वा सो सरह उतिर्ण गरेको । |
| ३२/०८१/८२ | गायन/वाद्य संयोजक | ६ | संचार तथा कार्यक्रम/ कार्यक्रम/संगीत | २ | कार्यक्रम महाशाखा/ संगीत | महिला १<br>आ.ज १ | मान्यता प्राप्त शिक्षण संस्थावाट संगीत सम्वन्धी कुनै विधामा स्नातक तह उतिर्ण गरेको । |
| ३३/०८१/८२ | समाचार सम्पादक (नेपाली) | ६ | संचार तथा कार्यक्रम/ समाचार/सम्पादन | १ | समाचार महाशाखा | आ.ज १ | माइक अनुकुल स्वर भई मान्यता प्राप्त शिक्षण संस्थावाट आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको । |
| ३४/०८१/८२ | सम्वाददाता | ६ | संचार तथा कार्यक्रम/ समाचार/ रिपोर्टिङ | ३ | समाचार महाशाखा | खुला १<br>महिला १<br>(पुन:)<br>मधेसी १ | माइक अनुकुल स्वर भई मान्यता प्राप्त शिक्षण संस्थावाट आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको । |
| ३५/०८१/८२ | वरिष्ठ प्राविधिक सहायक | ५ | इन्जिनियरिङ्ग/ प्राविधिक | ५ | खुमलटार १<br>पोखरा १<br>सुर्खेत १<br>दिपायल २ | खुला १<br>महिला २<br>दलित १<br>पि.क्षे.१ | मान्यता प्राप्त शिक्षण संस्थावाट इलेक्ट्रोनिक्स वा इलेक्ट्रिकल वा कम्प्युटर इन्जिनियरिङ्गमा तिन वर्षे डिप्लोमा वा सो सरह उतिर्ण गरेको |
| ३६/०८१/८२ | वरिष्ठ कार्यक्रम सहायक | ५ | संचार तथा कार्यक्रम/ कार्यक्रम/कार्यक्रम | १ | सुर्खेत १ | खुला १ | माइक अनुकुल स्वर भई मान्यता प्राप्त शिक्षण संस्थावाट आमसञ्चार तथा पत्रकारिता विषयमा प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको । |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः**

सम्मानीत सर्वोच्च रिट नं. ०७८–WO–०६६० समेतका उत्प्रेषण सम्बन्धी निवेदनहरुमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम समावेशी समूहका सम्बन्धमा आवश्यक कानुनी व्यवस्था भए पश्चात सोही अनुसार पदपूर्ति गरिनेछ ।

**उल्लिखित पदहरुको लागि :**

१. दरखास्त फारामः दरखास्त फाराम अनलाईन मार्फत भर्न सकिनेछ ।

२. दरखास्त दस्तुरः तह ८ को लागि १२००।-, तह : ७ को लागि १२००।-, तह : ६ को लागि १२००।- र तह : ५ को लागि ७००।- Online मार्फत उपलब्ध गराइएका माध्यम Connect IPS बाट बुझाउनु पर्नेछ । एक उम्मेदवारले एउटै पदको एक भन्दा वढि समूहमा सहभागी हुने भएमा प्रत्येक समूहको लागि थप २००। दस्तुर लाग्नेछ ।

३. उमेरः दरखास्त दिने अन्तिम मितिसम्ममा देहाय बमोजिमको उमेर पुगेको हुनु पर्नेछ; सहायकस्तरको पदमा १८ वर्ष पुरा भएको र ३५ वर्ष ननाघेको, अधिकृतस्तरको छैटौं र सातौं तहको पदमा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको, आठौं र नवौ तहको पदमा ४० बर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको र अपाङ्गता भएका व्यक्तिहरु बिच प्रतिष्पर्धा गर्न पाउने उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।

४. रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा शर्त नियमावली, २०७७ बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।

५. अधिकृतस्तर आठौं र नवौं तहको पदमा खुला प्रतियोगिताका लागि सम्वन्धित विषयमा स्नातकोत्तर तह उर्त्तीण गरी संघीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय तहको सेवा वा विश्वविद्यालय, शिक्षक सेवा वा संगठित संस्थाको अधिकृतस्तरको पदमा कम्तिमा पाँच बर्ष सेवा गरेको अनुभव हुनु पर्नेछ ।
तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको हकमा सो अनुभवमा दुई बर्ष कम भए पनि उम्मेदवार हुन सक्नेछ ।

६. परीक्षाको किसिमः लिखित, प्रयोगात्मक (प्रयोगात्मक परीक्षा हुने भनी उल्लेख भएका पदहरुको लागि मात्र) र अन्तरवार्ता ।

७. निम्न लिखित कागजातहरुको प्रतिलिपिमा उम्मेदवार स्वयंले प्रमाणित गरी दरखास्त साथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ :
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, (न्युनतम शैक्षिक योग्यताको मात्र) चारित्रिक प्रमाणपत्र वा उमेर खुलेको प्रमाणपत्रको प्रतिलिपि
(ग) बिदेशी शिक्षण संस्थावाट प्रमाणपत्र पाएका उम्मेदवारहरुको हकमा समकक्षताको प्रतिलिपि ।

८. तलव र सुविधाः संस्थाको नियमानुसार ।

९. काम गर्नु पर्ने स्थानः विज्ञापनमा तोकिएको अनुसार ।

१०. पदले गर्नु पर्ने काम : सम्वन्धित सेवा, समूह, र उपसमूहले गर्नु पर्ने कार्यहरु ।

११. परीक्षणकालको अवधि : १ वर्ष तर महिलाको हकमा ६ महिना मात्र ।

१२. Online दरखास्त फाराम भर्ने मितिः Online दरखास्त फाराम सुरु हुने मिति २०८२।०३।३१ देखि २१ दिन (अर्थात मिति २०८२।०४।१९) भित्र र दोब्बर दस्तुर तिरी थप ७ दिन (अर्थात मिति २०८२।०४।२६) सम्म ।

१३. दरखास्त दिने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सार्वजनिक विदा पछिको कार्यालय खुलेको दिन दरखास्त दिने अन्तिम मिति मानिनेछ।

१४. उल्लिखित पदहरुको लिखित परीक्षा लोक सेवा आयोगवाट सञ्चालन हुनेछ ।

१५. लिखित परीक्षा सम्वन्धी कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

१६. विज्ञापन रद्द भएको अवस्थामा बाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन ।

१७. **समावेशी तर्फ दरखास्त दिने उम्मेदवारहरुले निम्न बमोजिमका कागजातहरु समेत अनिवार्य रुपमा दरखास्त साथ संलग्न गरी पेश गर्नु पर्नेछ ।**
(क) आदिवासी/जनजातीका हकमा नेपाल आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा तर नेपाल आदिवासी /जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचीकृत भएको जाति भित्र एक भन्दा वढि थरहरु भएमा सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरी दिएको प्रमाणपत्रको प्रतिलिपि ।
(ख) मधेसीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोके बमोजिमको संस्थावाट मधेसी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेसी भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।
(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगवाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गरिदिएको प्रमाणपत्रको प्रतिलिपि ।
(घ) अपाङ्गता भएका व्यक्तिको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदवाट अपाङ्गता प्रमाणित प्रतिलिपि वा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम ।
(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्वन्धित जिल्लावाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्वन्धित गाउँपालिका वा नगरपालिकावाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि ।

१८. एउटा पदको लागि खुला र समावेशी तर्फका विभिन्न समूहमा समेत आवेदन गर्दा एउटै दरखास्त फाराम भर्नु पर्नेछ । तर दरखास्त फारामको पहिलो पृष्ठ र प्रवेशपत्रमा खुला र समावेशी समूह मध्ये जुन-जुन समूहको परीक्षामा समावेश हुने हो सो अनुसार तोकिए बमोजिम चिन्ह लगाउनु पर्नेछ ।

१९. आवेदन स्वीकृत, अस्वीकृत तथा रद्द गर्ने सम्पूर्ण अधिकार यस संस्थालाई हुनेछ ।

सदस्य सचिव
पदपूर्ति समिति, रेडियो नेपाल